महाभारत गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः २** **सङ्ख्याः १** **मितिः २०७७।१०।३०**

## भाग –१

महाभारत गाउँपालिका

## महाभारत गाउँपालिकाको शिक्षा ऐन २०७७

**प्रस्तावनाः**

देश र समाजको सर्वपक्षीय विकास र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण लागि नागरिकहरूमा सदाचार, सहिष्णुता, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गर्न तथा सिपयुक्त, परिश्रमी, सिर्जनसिल र प्रतिस्पर्धी क्षमता भएका योग्य नागरिक तयार गर्नको लागि यस महाभारत गाउँपालिकामा स्थापना हुने र यो ऐन प्रारम्भ हुनुभन्दा अघि स्थापना भई सञ्चालन भइरहेका विद्यालयहरूलाई व्यवस्थित गरी गुणस्तरीय शिक्षा

प्रदान गर्ने शैक्षिक संस्थाका रुपमा विकसित गर्नु वाञ्छनीय भएकाले नेपालको संविधान २०७२ को धारा ५७, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय तह सञ्चालन ऐन, २०७४, परिच्छेद ३, को दफा १०२, बमोजिम बागमती प्रदेश अन्तर्गतको यस महाभारत गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः**

क) यस ऐनको नाम "महाभारत गाउँपालिका शिक्षा ऐन २०७७" रहेको छ।

ख) यो ऐन काभ्रेपलाञ्चोक जिल्ला महाभारत गाउँपालिकामा लागु हुनेछ।

ग) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

महाभारत गाउँपालिका राजपत्र

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

क) "अनुमति" भन्नाले नेपाल सरकार वा महाभारत गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा

विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

ख) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी अभिलेखमा जनाइएको व्यक्ति सम्झनु पर्छ। सो शब्दले विद्यार्थीका बुवा, आमा, बाजे, बज्यै तथा अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ।

ग) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

घ) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ।

ङ) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

च) “गाउँपालिका” भन्नाले काभ्रे जिल्लाको महाभारत गाउँपालिका सम्झनु पर्छ।

छ) "गाउँ सभा" भन्नाले काभ्रे जिल्लाको महाभारत गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ।

ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

झ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको अध्यापक सम्झनु पर्छ।

ञ) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ।

ट) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष माथि र पाँच बर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ।

ठ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सिप तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसाययुक्त शिक्षा प्रदान गर्ने कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

ड) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।

महाभारत गाउँपालिका राजपत्र

ढ) "विद्यालय शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।

ण) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष व्यवस्थापन सहितको शिक्षा सम्झनु पर्छ।

त) "शिक्षक" भन्नाले विद्यालयमा शिक्षण सिकाइ गर्न नियुक्त अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेत लाई जनाउँछ ।साथै तोकिए देखि बाहेक "शिक्षक" शब्दले विद्यालयमा कार्यरत स्थायी, अस्थायी, राहत, करार, गाउँपालिका शिक्षक वा अन्य सबै शिक्षक भन्ने बुझिन्छ।

थ) "शिक्षा प्रमुख" वा "शिक्षा शाखा प्रमुख" भन्नाले महाभारत गाउँपालिकाको शिक्षा शाखाको प्रमुखलाई सम्झनु पर्छ।

द) "शिक्षा शाखा" भन्नाले महाभारत गाउँपालिकाको शिक्षा शाखा सम्झनु पर्छ।

महाभारत गाउँपालिका राजपत्र

ध) "शिक्षा समिति" भन्नाले गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ।

न) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

ऩ) "शैक्षिक परामर्श केन्द्र" भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकार वा यस गाउँपालिकाबाट अनुमति वा स्वीकृति प्राप्त संस्थालाई जनाउँछ।

प) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ–

अ. दृष्टिविहीन, न्युन दृष्टियुक्त बहिरा, सुस्त श्रवण, अटिज्म बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा।

आ. सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिलाई विभेदरहित वातावरणमा दिईने शिक्षा।

महाभारत गाउँपालिका राजपत्र

फ) “सामुदायिक विद्यालय” भन्नाले सामुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

ब) "सङ्घीय शिक्षा ऐन" भन्नाले सङ्घीय संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्छ।

भ) “संस्थागत विद्यालय” भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकार वा गाउँपालिकाबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

म) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई सङ्घीय सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

३. **<u>विद्यालयको प्रकारः</u>** विद्यालय दुई प्रकारका हुनेछन्।

क) सामुदायिक विद्यालय र

ख) संस्थागत विद्यालय।

४. **<u>विद्यालय खोल्न अनुमति लिनु पर्नेः</u>**

महाभारत गाउँपालिका राजपत्र

१) कुनै नेपाली नागरिकहरूको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकामा सम्बन्धित वडा शिक्षा समितिको सिफारिस सहित अनुमतिको लागि शैक्षिकसत्र शुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै निवेदन दिनु पर्नेछ।

२) उपदफा (१) बमोजिम सम्वन्धित वडा कार्यालयमा सिफारिसको लागि निवेदन परेमा सो उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा आवश्यक कारबाहीको लागि गाउँपालिकामा सक्कलै कागजातसहित सिफारिस गर्नु पर्नेछ।

३) उपदफा (१) बमोजिम गाउँपालिकामा निवेदन परेको हकमा सो उपर आवश्यक जाँचबुझ गरी विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा गाउँपालिकाले आवश्यक कारबाही अगाडि बढाउनेछ।

(४) उपदफा (२) र (३) बमोजिम प्राप्त कागजातहरूको अध्ययन एवं स्थलगत जाँचबुझ गर्दा तोकिएको पूर्वाधार पूरा भएको देखिएमा शिक्षा प्रमुखले आधारभूत र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै आफ्नो रायसहितको प्रतिवेदन शिक्षा समितिको बैठकमा पेस गर्नु पर्नेछ। प्रारम्भिक बालशिक्षा केन्द्रको हकमा तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (४) बमोजिम शिक्षा समितिको बैठकबाट अनुमति दिने निर्णय भएमा शिक्षा प्रमुखले तोकिएको ढाँचामा अनुमति दिनेछ।

(६) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय वा सहकारी विद्यालय सञ्चालन गर्दाका सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

(७) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न निवेदन दिएमा त्यस्तो निवेदनको

महाभारत गाउँपालिका राजपत्र

कारबाही किनारा लगाउने प्रक्रिया पनि उपदफा (१), (२), (३) र (४) बमोजिम नै हुनेछ।

८) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

९) प्राविधिक तथा व्यवसायिक शिक्षाको र सहकारी विद्यालयको सञ्चालन, अनुमति र स्वीकृति तोकिए बमोजिम हुनेछ।

१०) तोकिए बमोजिमको मापदण्ड पूरा नगरेको विद्यालय वा विद्यालयको कुनै तहलाई स्वीकृति प्रदान गरिने छैन।

११) विद्यालयमा कक्षा थप वा तह थप गर्ने अनुमति वा स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **<u>विद्यालयको सञ्चालनः</u>** विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ।

६. **<u>माध्यमिक शिक्षाको प्रकार र शिक्षाको माध्यमः</u>**

१) माध्यमिक शिक्षा देहायका बमोजिमको हुनेछ–

क) साधारण माध्यमिक शिक्षा

महाभारत गाउँपालिका राजपत्र

ख) संस्कृत माध्यमिक शिक्षा

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा।

२) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ–

क) आधारभूत तहको शिक्षा मातृभाषामा दिन सकिनेछ,

ख) गैर नेपाली नागरिकले गाउँपालिका अन्तर्गतका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

७. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन र**

महाभारत गाउँपालिका राजपत्र

**सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।**

८. **<u>पाठ्यक्रम र पाठ्यपुस्तकः</u>**

१) विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नु पर्नेछ।

२) स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक विकास र प्रयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३) विद्यालयले थप पाठ्यक्रम लागु गर्न तोकिए बमोजिम अनुमति लिनु पर्नेछ।

४) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालनः

क) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ।

ख) विद्यालयले स्काउट, रेडक्रस, बाल क्लब, ईको क्लब तथा वातावरण मैत्री क्लबहरू गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद् प्रतियोगिता,

साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरू सञ्चालन गर्न सक्नेछ।

ग) सह तथा अन्य शैक्षिक क्रियाकलाप सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **गाउँ शिक्षा समिति**

१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरूको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ–

क) गाउँपालिका अध्यक्ष संयोजक

ख) कार्यपालिका सदस्यमध्येबाट अध्यक्षले तोकेको दुईजना सदस्य

ग) सामाजिक विकास शाखा हेर्ने विषयगत समितिको संयोजक सदस्य

घ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सदस्य

महाभारत गाउँपालिका राजपत्र

ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट गाउँ कार्यपालिकाले मनोनीत गरेको एकजना सदस्य

च) स्थानीय समाजसेवी, शिक्षा प्रेमीहरूमध्येबाट गाउँ कार्यपालिकाबाट मनोनीत कम्तीमा एकजना महिला र दलित सहित दुईजना सदस्य

छ) प्राथमिक, आधारभूत र माध्यमिक तहको प्रतिनिधित्व हुने गरी विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरूमध्येबाट गाउँ कार्यपालिकाले मनोनीत गरेको एकजना महिला सहित तीनजना सदस्य

ज) गाउँपालिका क्षेत्रभित्र विशेष शिक्षा वा समावेशी शिक्षा सञ्चालन गर्ने

महाभारत गाउँपालिका राजपत्र

विद्यालय वा संस्थाबाट प्रतिनिधित्व हुने गरी शिक्षा समितिले मनोनीत गरेको एकजना
सदस्य

झ) शिक्षा प्रमुख
सदस्य सचिव

२) गाउँपालिका क्षेत्रभित्रका सेवा निवृत्त शिक्षकहरू, प्रधानाध्यापकहरू, गाउँपालिका क्षेत्रको नेपाल शिक्षक महासङ्घका प्रतिनिधि र आवश्यकता अनुसार विषय विज्ञहरूलाई उपदफा (१) बमोजिमको समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गरिनेछ।

३) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ। मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन वा बर्खास्त गर्न सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु वा बर्खास्त गर्न अघि मनासिब माफिपको स्पष्टीकरणको मौकाबाट वञ्चित गरिने छैन।

४) शिक्षा समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

५) शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ–

क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने,

ख) शिक्षा शाखाबाट पेस भएको विद्यालय अनुमति, स्वीकृति, कक्षा थपघट, विद्यालय स्थानान्तरण कार्यको स्वीकृति प्रदान गर्ने र शैक्षिक कार्ययोजना माथि छलफल गरी स्वीकृत गर्ने,

ग) विद्यालयहरूलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक साधनस्रोत जुटाउन, खोजी गर्न र परिचालन गर्न गराउनमा सहायता प्रदान गर्ने,

घ) आपनो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने, विद्यालय बन्द गर्नु पर्ने भएमा गाउँ कार्यपालिकामा सिफारिस गर्ने,

महाभारत गाउँपालिका राजपत्र

ङ) विद्यालयहरूलाई सामाजिक परीक्षण गर्न लगाउने र विद्यालयहरूको लेखा परीक्षण गर्न सूचीकृत लेखा परीक्षकको पारिश्रमिक निर्धारण गर्ने साथै लेखा परिक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने गराउने,

च) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक, कर्मचारी दरबन्दी, सेवा, सुविधा र सर्तहरू स्वीकृत गर्ने,

छ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृती र अनुमतिको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

ज) शिक्षाको गुणस्तर कायम राख्न सूचक विकास गर्ने, प्रगति मूल्यांकन गर्ने र तदनुसार अपेक्षित गुणस्तर कायम भएका विद्यालयलाई पुरस्कृत गर्ने, नभएकालाई सघाउने तथा लगातार तीन वर्षसम्म

महाभारत गाउँपालिका राजपत्र

तोकिएको न्यूनतम नतिजा नल्याउनेलाई कारबाही गर्ने गराउने,

झ) नक्साङ्कन, जोनिङ सहित विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह र कक्षा थप गर्ने, वा कक्षा घटाउने नीति तर्जुमा गरी गाउँ कार्यपालिकामा पेस गर्ने,

ञ) गाउँपालिकाको एकिकृत शैक्षिक क्यालेन्डर प्रकाशन गर्ने र तदनुसार विद्यालय सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने,

ट) विद्यालयको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने,

ठ) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

ड) विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने र तत् सम्बन्धी आवश्यक परेमा प्रोत्साहन सहित स्वेच्छिक अवकासको प्रबन्ध गर्ने,

महाभारत गाउँपालिका राजपत्र

ढ) विद्यालयमा विषयगत शिक्षक दरबन्दी मिलान गर्ने, शिक्षक कर्मचारीहरूको सरुवा व्यवस्थापन गर्ने साथै शिक्षक, विद्यालय कर्मचारी र विद्यार्थीको पोशाक निर्धारण गर्ने,

ण) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने,

त) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रबन्ध गर्ने, विद्यालयमा भर्नादर र टिकाउदरमा वृद्धि गर्नका लागि दिवा खाजा व्यवस्थापन गर्ने साथै विद्यार्थीहरूको चौतर्फी विकासका लागि गाउँपालिकास्तरीय शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने,

महाभारत गाउँपालिका राजपत्र

थ) विद्यालयको सम्पत्ति व्यवस्थापन र सुरक्षा गर्ने तथा विद्यालयको समृद्धिको लागि आवश्यक कार्य गर्ने गराउने,

द) नेपाल सरकारको स्वीकृत नीति निर्देशन अनुरुप विशेष आवश्यकता भएकाहरूका

लागि विशेष शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

ध) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने,

न) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरूलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारबाही गर्ने गराउने,

ऩ) अभिभावक, कर्मचारी र शिक्षकबीच विवाद भएमा त्यसको समाधान गर्ने,

प) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरू निर्धारण गर्ने,

फ) छात्रवृत्ति कोष सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने,

ब) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने,

१०. **<u>शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकारः</u>** शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार अन्य कुराको अतिरिक्त देहाय बमोजिम हुनेछ–

महाभारत गाउँपालिका राजपत्र

१) गाउँस्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेस गर्ने गराउने,

२) कार्य सम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घ, शिक्षक एवं कर्मचारीलाई पुरस्कार एवं दण्ड दिन शिक्षा समितिको निर्णयानुसार कार्यपालिका समक्ष पेस गर्ने,

३) गाउँपालिका तथा शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

४) विद्यालय, शैक्षिक परामर्श केन्द्र, प्रारम्भिक बाल शिक्षा केन्द्र तथा अन्य शैक्षिक निकाय वा संस्थाहरूको अनुगमन तथा सुरिवेक्षण गर्ने गराउने,

५) गाउँ कार्यपालिका, शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

६) स्वीकृत अनौपचारिक शिक्षा, खुला तथा दूर शिक्षा, विशेष शिक्षा र दिवा खाजा कार्यक्रम

महाभारत गाउँपालिका राजपत्र

कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख तयार गर्ने,

७) शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन गरी वा गर्न लगाई त्यसको विवरण सम्बन्धित निकायमा लेखी पठाउने,

८) आधारभूत तह कक्षा ८ को अन्तिम तथा बाह्य परीक्षा मर्यादित ढङ्गले सञ्चालन गराउने,

९) सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अध्यावधिक गर्ने र परिचपत्र प्रमाणित गरी जारी गर्ने,

१०) विद्यालयले स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने गराउने,

११) गाउँपालिकाबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने, वा गर्न लगाई आवश्यक परेमा कारबाही गर्ने,

१२) शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने गराउने,

१३) सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको तलबी प्रतिवेदन स्वीकृतका लागि सिफारिस गर्ने,

१४) विद्यालयको वार्षिक कार्यक्रमको नियमित रुपमा अनुगमन गरी तदनुसार कार्य गर्न लगाउने,

१५) शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने,

१६) गाउँपालिका क्षेत्रभित्रको शैक्षिक गतिविधि, अवस्था एवम् प्रगति समेटिएको शिक्षा सम्बन्धी नीतिपत्र तयार गरी शिक्षा समितिको स्वीकृति पश्चात् प्रत्येक वर्षको चैत्र मसान्त भित्र प्रकाशित गर्ने,

१७) नियुक्ति वा बढुवाको लागि आयोग वा निकायबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति गर्ने,

१८) विद्यार्थी सङ्ख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को सामुदायिक विद्यालयमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

१९) सङ्घ सरकार र प्रदेश सरकारबाट प्रत्यायोजित शिक्षा शाखाबाट सञ्चालन तथा सम्पन्न गरिने शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने र सोको जानकारी, प्रतिवेदन सम्बन्धित निकायलाई लेखी पठाउने,

२०) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

२१) विद्यालयका स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटाका शिक्षकको सरुवा सम्बन्धमा शिक्षा समितिको निर्णयानुसार कार्य गर्ने गराउने,

२२) सरकारी र गैर सरकारी शैक्षिक परियोजनाको निरीक्षण तथा समन्वय गर्ने,

२३) विद्यालयको लेखापरीक्षण गर्न लेखा परीक्षक सूचीकृत र नियुक्ति गर्ने तथा लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र बेरुजु फर्छ्यौट गर्न लगाउने,

२४) स्वीकृत कार्ययोजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित

रुपले निरीक्षण र सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

२५) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी तथा तालिम सञ्चालन गर्ने,

२६) शिक्षकहरूको हाजिरी अभिलेख दुरुस्त भए नभएको छड्के जाँच वा निरीक्षण गरी बिदा नलिई अनुपस्थित शिक्षकको हकमा हाजिरी पुस्तिकामा गयल जनाई सोको जनाउ सहित कारबाहीको लागि सम्बन्धित व्यवस्थापन समिति र शिक्षा समितिलाई सिफारिस गर्ने र कानुन बमोजिम कारबाही गर्ने,

२७) गाउँ सभा, कार्यपालिका, शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत, र शिक्षा सम्बन्धी राष्ट्रिय परीक्षा बोर्ड, सङ्घीय आयोग र निकायबाट निर्देशित वा प्रत्यायोजित अन्य कार्य गर्ने,

२८) यस ऐन बमोजिम विद्यालय सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा

महाभारत गाउँपालिका राजपत्र

शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा वा विद्यालय बन्द गर्नु पर्ने/नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालय शिक्षाको गुणस्तर बढाउन सुधार गर्नु पर्ने वा विद्यालय बन्द गर्नु पर्ने भएमा तत् सम्बन्धी निर्णय गराइ कारबाही प्रक्रिया अगाडि बढाउने,

२९) माध्यमिक र आधारभूत परीक्षाको लागि फारम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानुन बमोजिम संसोधन गर्ने,

३०) विद्यालय शिक्षाको कक्षा ५ र ८ को परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिका झिकाई जाँच गराउने, विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा आवश्यक कार्य गर्ने,

३१) विद्यालय निरीक्षणको सूचक बनाई निरीक्षण गर्ने गराउने,

३२) विद्यालय सञ्चालन सम्बन्धमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

महाभारत गाउँपालिका राजपत्र

३३) शिक्षक तथा कर्मचारीको बिदाको अभिलेख शैक्षिक सत्रको अन्त्यमा प्रमाणित गर्ने र त्यसको अभिलेख विद्यालयमा राख्न लगाउने,

३४) विद्यालय व्यवस्थापन समितिको बैठक नियमित रुपले बसे नबसेको जाँचबुझ गरी नबसेको भए बैठक बोलाउन प्रधानाध्यापक लाई निर्देशन दिने,

३५) विद्यालयको शैक्षिक र आर्थिक अभिलेख दुरुस्त भए नभएको निरीक्षण गर्ने गराउने,

३६) नमुना शिक्षण गर्ने प्रयोजनार्थ रोष्टर व्यवस्थापन गर्ने,

३७) शिक्षकलाई तालिमको लागि सिफारिस गर्ने,

३८) विद्यालयको अनुगमन, करारमा शिक्षक नियुक्ति, प्रश्नपत्र निर्माण गर्ने प्रयोजनका लागि विज्ञसूची तयार गर्ने,

३९) प्रधानाध्यापकको कार्य सम्पादन करार गर्ने,

४०) शिक्षा शाखा प्रमुखको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

महाभारत गाउँपालिका राजपत्र

## ११. वडा शिक्षा समिति

१) गाउँपालिकाको वडाभित्रका विद्यालयहरूको रेखदेख, संरक्षण, र नियमन गर्न प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछ–

क) गाउँपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष
संयोजक

ख) वडा समितिका सदस्यहरूमध्येबाट वडा समितिले तोकेको
एकजना महिला
सदस्य

ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट शिक्षा समितिले
मनोनीत गरेको एकजना
सदस्य

घ) सम्बन्धित वडा अन्तर्गतका विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट शिक्षा

महाभारत गाउँपालिका राजपत्र

समितिले तोकेको उपलब्ध भए सम्म एकजना महिला पर्ने गरी दुईजना सदस्य

ङ) सम्बन्धित वडाभित्रका शिक्षा प्रेमीहरूमध्येबाट शिक्षा समितिले तोकेको दलित, महिला र अपाङ्गता भएका व्यक्तिमध्येबाट तीनजना

च) सम्बन्धित वडाका वडा सचिव

छ) शिक्षा शाखाको प्रतिनिधि

२) उपदफा (१) बमोजिमको समितिका पदेन सदस्य बाहेक मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ। मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन वा बर्खास्त गर्न सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु वा बर्खास्त गर्न अघि मनासिब माफिपको स्पष्टीकरणको मौकाबाट वञ्चित गरिने छैन।

३) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ–

क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

ख) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

ग) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

घ) सम्बन्धित वडाभित्रका अभिभावक, विद्यालय कर्मचारी र शिक्षकबीच विवाद भएमा त्यसको समाधान गर्ने,

ङ) वडाभित्र सञ्चालित विद्यालयको अनुगमन, रेखदेख र समन्वय गरी गुणस्तर वृद्धि गर्न सुझाव र परामर्श दिई सहयोग गर्ने,

च) विद्यालय सेवा क्षेत्र निर्धारण गर्ने,

छ) नयाँ विद्यालय खोल्नेको अनुमति साथ प्राप्त कागजात र स्थलगत अवस्था जाँचबुझ गरी औचित्य सहितको सक्कल कागजात गाउँपालिकामा सिफारिस गर्ने,

महाभारत गाउँपालिका राजपत्र

ज) विद्यालयमा नयाँ भर्ना भएका बालबालिकाहरूको विवरण अध्यावधिक गर्ने,

झ) जोनिङ तथा नक्साङ्कनको आधारमा विद्यालय गाभ्न, बन्द गर्न, सार्न, नाम परिवर्तन गर्न, तह कक्षा थप वा घट गर्न सिफारिस गर्ने,

ञ) वडाको शैक्षिक अभिवृद्धिका लागि आवश्यक कार्यहरू गर्ने,

ट) बालबालिकालाई कम्तीमा आधारभूत तहसम्म अध्ययन गर्न प्रोत्साहन गर्ने,

ठ) गाउँपालिका र शिक्षा समितिबाट निर्देशित तथा प्रत्यायोजित अन्य कार्य गर्ने।

४) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१२. <u>विद्यालय व्यवस्थापन समितिः</u>**

१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ–

क) अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना सदस्य

ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरूमध्येबाट वडा अध्यक्षले तोकेको एकजना सदस्य

ग) विद्यालय रहेको क्षेत्रभित्रको स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरूमध्येबाट गाउँ कार्यपालिकाले मनोनीत गरेको एकजना महिला सहित दुईजना

घ) विद्यालय रहेको वडाभित्रको स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमीहरू, समाजसेवीमध्येबाट शिक्षा समितिको संयोजकले तोकेको दुईजना सदस्य



महाभारत गाउँपालिका राजपत्र

ङ) शिक्षकहरूले आफूमध्येबाट चयन गरी पठाएको शिक्षक प्रतिनिधि एकजना सदस्य

च) विद्यालयका प्रधानाध्यापक

२) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बनाउँदा माथि उल्लेखित उपखण्ड (ङ) र (च) बाहेकका सदस्यहरूमध्येबाट बनाउनु पर्नेछ।

**स्पष्टीकरण:** अभिभावक भन्नाले विद्यालयमा अध्ययन गर्ने बालशिक्षा देखि कक्षा बाह्रसम्मका विद्यार्थीका बावुआमा, सगोलका दाजु, दिदी, भाउजूलाई जनाउँछ। तर व्यवस्थापन समिति गठन प्रयोजनको लागि एकाघरको बाबु, आमा, बाजे बज्यैलाई मात्र जनाउँछ।

३) उपदफा (१) अनुसार बावुआमा नभएमा सगोलको घरमुली सम्भव भएसम्म बढी शिक्षित जेठा व्यक्ति वा लालनपालन र पठनपाठनको व्यवस्था मिलाउने एकाघरको जोकोही एकजना व्यक्तिलाई मात्र जनाउँछ । तर अनाथ, टुहुरा, मावल, वा अर्काको घरमा बसी कामकाज गरी अध्ययन गर्नेको हकमा भने बसोबास तथा

लालनपालन र पठनपाठनको व्यवस्था मिलाउने व्यक्तिलाई जनाउँछ।

४) उपदफा (१) बमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ।तर छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनीत गर्ने पदाधिकारी वा शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउन अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन।

५) विद्यालय व्यवस्थापन समितिको अध्यक्षको योग्यताः

क) कम्तीमा आधारभूत तह उत्तीर्ण गरेको,

ख) नेपाली नागरिक,

ग) २५वर्ष उमेर पूरा भएको,

घ) उच्च नैतिक आचरण र विद्यालय शिक्षाको जानकार भएको,

ङ) कुनै कानुनले अयोग्य नभएको।

महाभारत गाउँपालिका राजपत्र

तर खण्ड (क) बमोजिमको योग्यता प्राप्त व्यक्ति नभएमा वा अध्यक्ष हुन इच्छुक नभएको भनी लिखित रुपमा स्वःघोषणा गरेमा एक तह कम शैक्षिक योग्यता भएको व्यक्ति समेत अध्यक्ष हुन सक्नेछ।

६) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, तथा राख्न लगाउने र सुरक्षा गर्ने,

ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी शिक्षा शाखालाई दिने,

महाभारत गाउँपालिका राजपत्र

ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक वा धार्मिक साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाक शिक्षा समितिले तोके बमोजिम कार्यान्वय गर्ने गराउने,

छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षक पदको लागि योग्य उम्मेदवारलाई हाजिर गराई काममा लगाउने,

ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

झ) गाउँपालिकामा सूचीकृत तथा लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,

महाभारत गाउँपालिका राजपत्र

ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन शिक्षा समितिमा पेस गर्ने,

ट) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मूलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने,

ठ) तोकिए बमोजिम दरबन्दीका शिक्षकलाई कामको आधारमा प्रोत्साहन गर्ने,

ड) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, सर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

ढ) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने,

ण) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सामाजिक परीक्षण गराउने,

त) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाले निर्धारण गरे बमोजिम

महाभारत गाउँपालिका राजपत्र

तोकिएको कर्मचारीलाई तोकिएको तलब भत्ता प्रदान गर्ने,

थ) विद्यालय व्यवस्थापन समिति पदाधिकारीबाट नियमित अनुगमन गराउने,

द) गाउँपालिका, शिक्षा समिति र शिक्षा प्रमुखले दिएको निर्देशनहरूको पालना गर्ने गराउने,

ध) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ–

क) विद्यालयको संस्थापकमध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा शिक्षा समितिबाट मनोनीत अध्यक्ष

ख) अभिभावकमध्येबाट कम्तीमा एकजना महिला पर्ने गरी

महाभारत गाउँपालिका राजपत्र

विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुईजना सदस्य

ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीमध्येबाट शिक्षा समितिले मनोनीत गरेको एकजना सदस्य

घ) शिक्षा शाखा प्रमुखले तोकेको शिक्षा शाखाको प्रतिनिधि वा निरीक्षक सदस्य

ङ) शिक्षकहरूले आफूमध्येबाट चयन गरी पठाएको शिक्षक प्रतिनिधि एकजना सदस्य

च) विद्यालयका प्रधानाध्यापक सदस्य–सचिव

८) उपदफा (७) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ।छानिएका वा

महाभारत गाउँपालिका राजपत्र

मनोनीत अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनीत गर्ने पदाधिकारी, निकाय वा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन।

९) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–

क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

महाभारत गाउँपालिका राजपत्र

ङ) स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागु गर्ने,

च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

छ) शिक्षक तथा कर्मचारीको नियुक्ति छनौट समिति मार्फत् गरी न्यूनतम तलब, सेवा र सुविधा तोक्ने,

ज) अनुशासनहीन शिक्षकउपर कारबाही गर्ने,

झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानुनमा उल्लिखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने,

ञ) लेखा परीक्षण गराई अनिवार्य रुपमा वार्षिक प्रतिवेदन वडा शिक्षा समिति र शिक्षा समितिमा पेस गर्ने,

ट) शिक्षक कर्मचारी तथा विद्यार्थीको आचारसंहिता बनाई लागु गर्ने,

महाभारत गाउँपालिका राजपत्र

ठ) भर्ना शुल्क र अन्य शुल्क कम्तीमा ६५ प्रतिशत अभिभावकहरूको भेलाबाट निर्णय गराई स्वीकृति गर्नुपर्ने।

१०) संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने –

क) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तीमा दस प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम जेहेन्दार, अति विपन्न, अपाङ्गता भएका, छात्रा, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

ख) खण्ड (क) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयका प्रधानाध्यापक, र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ।

ग) खण्ड (ख) बमोजिमको समितिले छनौटका लागि आधार, सर्त र प्रक्रिया

तयार गरी सोही विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र छात्रवृत्तिको नतिजा छनौटको आधार सहित सार्वजनिक गर्नु पर्नेछ।

घ) संस्थागत विद्यालयले प्रत्येक वर्ष प्रदान गरेको छात्रवृत्तिको विवरण शिक्षा शाखामा पेस गर्नु पर्नेछ।

११) संस्थागत विद्यालयको गुणस्तर कायम राख्न शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्नेछ। यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको दायित्व हुनेछ।

१२) कुनै संस्थागत विद्यालयले यस ऐनअन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ।

तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन।

१३) संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण वडा शिक्षा समिति र शिक्षा समितिमा बुझाउनु पर्नेछ।

१४) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

**१३. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः**

१) देहायका अवस्थामा शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले वा शिक्षा समिति आफैले विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ-

क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

ख) विद्यालयको शैक्षिक वातावरण खलबल्याएमा,

महाभारत गाउँपालिका राजपत्र

ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको नीति एवम् हित विपरीत काम गरेमा,

घ) तोकिएको अधिकार क्षेत्र भन्दा बाहिरको निर्णय गरेमा, वा ऐनको बर्खिलाप कार्य गरेमा,

ङ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा, वा

च) सम्बन्धित तह र निकाय वा अधिकारीले दिएको कानुन अनुसारको निर्देशन पटकपटक उलङ्घन गरेमा।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न शिक्षा समितिले एक

महाभारत गाउँपालिका राजपत्र

अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

**१४. शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति**

१) हालका स्वीकृत दरबन्दीमा शिक्षकहरूको स्थायी नियुक्ति तथा बढुवासम्बन्धी व्यवस्था सङ्घीय र प्रादेशिक कानुन बमोजिम बन्ने शिक्षक सेवा आयोगबाट तोकेए बमोजिम हुनेछ।

२) सामुदायिक विद्यायलमा रिक्त दरबन्दी, राहत शिक्षक र कर्मचारी पदमा अस्थायी तथा करार नियुक्तिको लागि देहाय बमोजिमको शिक्षक छनौट समिति हुनेछ–

क) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य — अध्यक्ष

ख) सामाजिक विकास समितिका संयोजक — सदस्य

ग) सम्बन्धित विषयको विज्ञसूचीमा सूचीकृत भएको विज्ञमध्येबाट शिक्षक छनौट समितिले मनोनीत गरेका दुईजना — सदस्य

महाभारत गाउँपालिका राजपत्र

घ) शिक्षा प्रमुख

सदस्य सचिव

३) शिक्षक छनौट समितिले आवश्यकता अनुसार आमन्त्रित सदस्य बोलाउन सक्नेछ। शिक्षक छनौट समितिको सचिवालय गाउँपालिकामा रहनेछ।

४) उपदफा (२) खण्ड (ग) को प्रयोजनको लागि शिक्षा शाखाले विशेषज्ञ सूची अद्यावधिक गरी राख्नु पर्नेछ।

५) उपदफा (२) बमोजिम नियुक्ति भएका शिक्षक र कर्मचारीको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकामा राख्नु पर्नेछ।

६) शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ। तर अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन।

७) शिक्षक छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

महाभारत गाउँपालिका राजपत्र

८) सामुदायिक विद्यालयमा एकजना प्रधानाध्यापक रहने छ। प्रधानाध्यापकको योग्यता देहाय बमोजिम हुनेछ–

क) माध्यमिक तहको प्रधानाध्यापकको योग्यताः

अ. माध्यमिक तहमा स्थायी नियुक्ति भएको,

आ. स्नातकोत्तर उपाधि हासिल गरेको,

इ. उपखण्ड (अ) बमोजिमको योग्यता प्राप्त शिक्षक सम्बन्धित विद्यालयमा कार्यरत नभएमा क्रमशः तल्लो तहमा कार्यरत स्थायी नियुक्ति भएका शिक्षक प्रधानाध्यापक पदको लागि योग्य हुन सक्नेछ,

ई. उपखण्ड (अ) र (इ) उल्लेख भएबमोजिमको योग्यता प्राप्त शिक्षक सम्बन्धित विद्यालयमा कार्यरत नभएमा उपखण्ड (आ) बमोजिमको योग्यता भएको

महाभारत गाउँपालिका राजपत्र

माध्यमिक तह वा क्रमशः तल्लो तहमा करार वा राहत अनुदान कोटामा कार्यरत शिक्षक प्रधानाध्यापक पदको लागि योग्य हुन सक्नेछ।

ख) आधारभूत तहको प्रधानाध्यापकको योग्यताः

अ. आधारभूत तहमा स्थायी नियुक्ति भएको,

आ. स्नातक उपाधि हासिल गरेको,

इ. उपखण्ड (अ) बमोजिमको योग्यता प्राप्त शिक्षक सम्बन्धित विद्यालयमा कार्यरत नभएमा प्राथमिक तहमा कार्यरत स्थायी नियुक्ति भएका शिक्षक प्रधानाध्यापक पदको लागि योग्य हुन सक्नेछ,

ई. उपखण्ड (अ) र (इ) उल्लेख भए बमोजिमको योग्यता प्राप्त शिक्षक सम्बन्धित विद्यालयमा

महाभारत गाउँपालिका राजपत्र

कार्यरत नभएमा उपखण्ड (आ) बमोजिमको योग्यता भएको आधारभूत तह वा प्राथमिक तहमा करार वा राहत अनुदान कोटामा कार्यरत शिक्षक प्रधानाध्यापक पदको लागि योग्य हुन सक्नेछ।

ग) प्राथमिक तहको प्रधानाध्यापकको योग्यताः

अ. प्राथमिक तहमा स्थायी नियुक्ति भएको,

आ. प्रविणता प्रमाणपत्र वा सो सरहको उपाधि हासिल गरेको,

इ. उपखण्ड (अ) मा उल्लेख भए बमोजिमको योग्यता प्राप्त शिक्षक सम्बन्धित विद्यालयमा कार्यरत नभएमा उपखण्ड (आ) बमोजिमको योग्यता भएको प्राथमिक तहमा करार वा राहत अनुदान कोटामा कार्यरत शिक्षक

महाभारत गाउँपालिका राजपत्र

प्रधानाध्यापक पदको लागि योग्य हुन सक्नेछ।

घ) सामुदायिक विद्यालयका प्रधानाध्यापकको नियुक्ति प्रक्रिया देहाय बमोजिम हुनेछ–

अ. विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकको पद रिक्त रहेको र रिक्त हुनुको व्यहोरा रिक्त भएको मितिले ७ दिनभित्र शिक्षा शाखामा लिखित रुपमा जानकारी गराउनु पर्नेछ।

आ. उपखण्ड (अ) बमोजिम प्राप्त जानकारीको आधारमा शिक्षा प्रमुखले मनासिब देखेमा प्रधानाध्यापकको नियुक्ति गर्न अनुमति दिनेछ।

इ. उपखण्ड (आ) बमोजिमको अनुमतिका आधारमा विद्यालय व्यवस्थापन समितिले ७ दिनको सूचना जारी गरी सम्बन्धित विद्यालयमा कार्यरत खण्ड (क),

महाभारत गाउँपालिका राजपत्र

वा (ख), वा (ग) बमोजिम सम्बन्धित तहको लागि तोकिएको योग्यता प्राप्त शिक्षकबाट शिक्षा समितिले तोकेको ढाँचामा पाँच वर्षे विद्यालय विकास प्रस्ताव पेस गर्न दरखास्त आह्वान गर्नेछ।

ई. विद्यालय व्यवस्थापन समितिले प्राप्त विद्यालय विकास प्रस्ताव मूल्याङ्कन हेतु एकप्रति स्वयम् र एकप्रति विद्यालय रहेको वडा शिक्षा समितिको सदस्य सचिव वा शिक्षा प्रमुखले तोकेको शिक्षा शाखाको अधिकृत वा निरीक्षक समक्ष दरखास्त समाप्त भएको मितिले तीन दिनभित्र पेस गर्नु पर्नेछ।

उ. विद्यालय व्यवस्थापन समिति र विद्यालय रहेको वडा शिक्षा समितिको सदस्य सचिव वा शिक्षा

महाभारत गाउँपालिका राजपत्र

प्रमुखले तोकेको शिक्षा शाखाको अधिकृत वा निरीक्षकले तोकिएको आधारमा शिक्षकले पेस गरेको विद्यालय विकास प्रस्ताव मूल्याङ्कन गर्दा कुल अंकमा उच्चतम अंक ल्याउने शिक्षकलाई प्रधानाध्यापक नियुक्ति गर्न सिफारिस गर्नेछ।तर ६०% भन्दा कम अङ्क ल्याउने शिक्षकलाई प्रधानाध्यापक नियुक्ति गर्न सिफारिस गरिने छैन्।

ऊ. उपखण्ड (उ) बमोजिमको सिफारिस साथ प्राप्त काजजात शिक्षा शाखामा पेस हुन आएमा दफा १४ को उपदफा (२) बमोजिमको समितिको निर्णय बमोजिम शिक्षा प्रमुखले निजले पेस गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरू समयबद्ध रुपमा पूरा गर्ने

महाभारत गाउँपालिका राजपत्र

कार्यदक्षता करार गरी दश दिनभित्र सम्बन्धित उम्मेदवारलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ।

ऋ. प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ र निज पुनः सो पदमा नियुक्त हुन सक्नेछ।

ऌ. प्रधानाध्यापकले पेस गरेको कार्ययोजना वा विकास प्रस्तावमा उल्लेख भए बमोजिमको कार्य गर्न नसकेमा वा काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा शिक्षा समिति, शिक्षा प्रमुख वा शिक्षा प्रमुखले निरीक्षण गर्न तोकेको निरीक्षकले दिएको प्रतिवेदन र वडा शिक्षा समिति वा विद्यालय व्यवस्थापन समितिको सिफारिसबाट देखिएमा नियुक्ति गर्ने अधिकारीले निजलाई

महाभारत गाउँपालिका राजपत्र

प्रधानाध्यापकको पदबाट जुनसुकै बखतमा पनि हटाउन सक्नेछ। तर निजलाई त्यसरी हटाउनु अघि मनासिब माफिकको स्पष्टीकरणको मौकाबाट वञ्चित गरिने छैन्।

ङ) सामुदायिक विद्यालयको प्रधानाध्यापकको सेवा, सर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

च) संस्थागत विद्यालयको प्रधानाध्यापकको योग्यता र नियुक्ति प्रक्रिया तोकिए बमोजिमको हुनेछ।

छ) प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

९) सङ्घीय , प्रादेशिक तथा गाउँपालिकाबाट निर्धारित तालिम नीति अनुसार शिक्षकको तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

**१५. शिक्षकको सरुवा**

१) गाउँपालिकाभित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह र विषय मिल्ने दरबन्दीमा

शिक्षा प्रमुखको सिफारिसमा शिक्षकको सरुवा शिक्षा समितिले गर्नेछ।

२) शिक्षकको सरुवा सामान्यतया प्रत्येक शैक्षिक सत्रको अन्तिम र पहिलो महिनामा मात्र गरिनेछ तर दफा १७ को प्रयोजनार्थ यो उपदफा लागु हुने छैन।

३) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा तीन वर्ष सेवा पूरा नगरी सरुवा गरिने छैन।

तर कुनै विद्यालयमा कार्यरत शिक्षक अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा वा विद्यालयको शैक्षिक वातावरणमा असर हुने गरी विवाद सिर्जना गरेमा निजलाई जुनसुकै बखत सरुवा गर्न सकिनेछ।

४) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डको आधारमा गर्नु पर्नेछ–

क) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पूरा नगरेको भनी सम्बन्धित

महाभारत गाउँपालिका राजपत्र

विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा प्रमुखबाट सिफारिस भएमा,

ख) विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

ग) दरबन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,

घ) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नु पर्ने अवस्थामा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा,

ङ) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखी रहँदा विद्यालयको शैक्षिक वातावरणमा खलल पुग्न सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

च) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह

महाभारत गाउँपालिका राजपत्र

गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

छ) पति पत्नी दुवै शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडाभित्र पर्ने गरी सरुवा गर्नु परेमा।

५) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन्।

६) सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा कर्मचारीलाई तोकिए बमोजिमको ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाई समेत दिनु पर्नेछ।

७) शिक्षक सरुवाको अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ।

८) सरुवा हुन आवेदन दिने: दरबन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिकाभित्र कार्यरत विद्यालयको

व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सिफारिसमा शिक्षा समितिले तोकिए बमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ।

१६. **अन्तर स्थानीय तह सरुवा सहमति**

१) दफा १५ बमोजिम र अन्तर स्थानीय तह शिक्षक सरुवा हुन चाहने शिक्षकले सरुवाको लागि तोकिए बमोजिमको ढाँचामा शिक्षा प्रमुख समक्ष निवेदन दिनु पर्नेछ।

२) यस दफाको प्रयोजनार्थ शिक्षा शाखाले प्रत्येक महिनामा रिक्त रहेका शिक्षकहरूको पद सङ्ख्या यकिन गरी सङ्घ र प्रदेशको सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

३) रिक्त दरबन्दीमा शिक्षक सरुवा भई आउँदा दिइने सहमति स्थानीय प्राथमिकताको आधारमा दिइनेछ।

४) उपदफा (१) बमोजिम अन्तर स्थानीय तह सरुवाको लागि निवेदन दिने शिक्षकलाई सरुवा भई जान चाहेको विद्यालयको विद्यालय व्यवस्थापन समिति र सोसँग सम्बन्धित शिक्षा

महाभारत गाउँपालिका राजपत्र

शाखा तथा आफू सेवारत विद्यालयको व्यवस्थापन समिति र शिक्षा शाखाको सरुवा सहमतिको सिफारिस आवश्यक पर्नेछ।

तर यस ऐनको सरुवा गर्ने मापदण्ड विपरित हुने गरी सरुवा सहमति दिइने छैन।

५) उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांसमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १५ को उपदफा (४) बमोजिम सरुवा सहमति जुनसुकै बखतमा पनि दिन सकिनेछ।

**१७. शिक्षक, कर्मचारी दरबन्दी र दरबन्दी मिलान**

**१)** सामुदायिक विद्यालयमा रहने शिक्षक र कर्मचारीको दरबन्दी तोकिए बमोजिम हुनेछ।

२) प्राथमिक विद्यालयमा देहाय बमोजिमको आधारमा दरबन्दी मिलान गरिनेछ–

क) कम्तीमा २९ जनासम्म विद्यार्थी सङ्ख्या भएकोमा एकजना शिक्षक दरबन्दी कायम हुनेछ।

ख) विद्यार्थी सङ्ख्या ४५ जनासम्म भएकोमा मात्र दुईजना शिक्षक दरबन्दी कायम हुनेछ।

ग) विद्यार्थी सङ्ख्या ५० जना भन्दा बढी भएकोमा मात्र तीनजना शिक्षक दरबन्दी कायम हुनेछ। तर आधारभूत र माध्यमिक तहमा विषयगत शिक्षकको दरबन्दी मिलान गर्ने प्रयोजनार्थ भने दरबन्दी थप गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन्।

३) आधारभूत र माध्यमिक तहमा तोकिए बमोजिमको विषयगत शिक्षकको दरबन्दी मिलान गरिनेछ।

४) उपदफा (२) बमोजिमको विद्यार्थी सङ्ख्या नभएको तर शिक्षक दरबन्दी एकभन्दा बढी भएको विद्यालयमा हालसालको लागि एक दरबन्दी मात्र कायम गरिनेछ।

५) यस दफा अन्तर्गतको दरबन्दी मिलान शिक्षा शाखाको सिफारिसमा शिक्षा समितिको निर्णय बमोजिम हुनेछ।

महाभारत गाउँपालिका राजपत्र

६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको स्थलगत निरीक्षण गर्दा कुनै विद्यालयमा उपदफा (२) बमोजिमको विद्यार्थी सङ्ख्या कायम नभएको देखिन आएमा साथै तत्काल शिक्षा समितिको बैठक बस्न सम्भव नभएकोमा शिक्षा शाखा प्रमुखले कार्यालयको निर्णयानुसार दरबन्दी मिलान प्रयोजनार्थ एक पटकमा तीन महिनामा नबढ्ने गरी विद्यार्थी सङ्ख्या बढी भएको विद्यालयमा कामकाजको लागि पठाउन सक्नेछ।

**स्पष्टीकरणः** यस उपदफामा स्थलगत निरीक्षण भन्नाले शिक्षा समिति, वडा शिक्षा समिति र शिक्षा शाखाले विद्यालयमा गरेको औपचारिक, आकस्मिक र अनौपचारिक निरीक्षण वा सुपरिवेक्षणलाई जनाउँछ।

७) उपदफा (६) बमोजिमको कामकाजमा पठाउदा थप आर्थिक भार पर्ने छैन।

महाभारत गाउँपालिका राजपत्र

८) उपदफा (६) बमोजिमको काज शिक्षा समितिले जुनसुकै बखतमा फिर्ता गर्न वा सोही विद्यालयमा दरबन्दी कायम गर्न सक्नेछ।

९) यस दफा अन्तर्गत दरबन्दी मिलान गर्दा शिक्षकले हासिल गरेको योग्यता र विद्यालयको तहलाई प्राथमिकतामा राखिनेछ।

१०) उपदफा (२), (४), (५), (८) र उपदफा (६) को प्रतिबन्धात्मक वाक्यांशमा जुनसुकै कुरा लेखिएको भए तापनि दरबन्दी मिलान गर्दा स्वीकृति प्राप्त विद्यालयको तहमा मात्र गरिनेछ।

**१८. काज सम्बन्धी व्यवस्था**

१) विद्यालय वा अध्यापन सम्बन्धी कामको लागि गाउँ कार्यपालिकाको आदेशानुसार कुनै सभा, सम्मेलन वा सेमिनारमा खटिने शिक्षक वा कर्मचारीले सोही आदेशमा तोकिएको अवधिसम्मको लागि काज पाउने छ।

महाभारत गाउँपालिका राजपत्र

२) विद्यालयको कामको लागि शिक्षक वा कर्मचारीले प्रधानाध्यापकको र प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको लिखित अनुमति लिई बढीमा एक हप्तासम्म काजमा जान सक्नेछ।

३) सरुवा भएको शिक्षक वा कर्मचारीलाई सरुवा भएको विद्यालयमा हाजिर हुन जाँदा तोकिएको दरमा दैनिक तथा भ्रमण भत्ता बापतको रकम रमाना दिने विद्यालयले आफ्नै कोषबाट दिनु पर्नेछ।

तर आफ्नो स्वेच्छाले सरुवा भई जाने शिक्षक वा कर्मचारीले यस उपदफा बमोजिम दैनिक तथा भ्रमण भत्ता बापतको रकम पाउने छैन।

४) शिक्षा शाखा प्रमुखले विद्यालयको दैनिक शैक्षिक क्रियाकलापमा बाधा नपर्ने गरी एक पटकमा बढीमा एक हप्ता भन्दा बढी नबढ्ने गरी गाउँपालिकाबाट सञ्चालन गरिने देहायका शैक्षिक कार्य तथा कार्यक्रममा सहजीकरणका लागि शिक्षकलाई शिक्षा शाखामा काज गर्न सक्नेछ–

महाभारत गाउँपालिका राजपत्र

क) गाउँपालिकास्तरीय परीक्षा सञ्चालन र व्यवस्थापन,

ख) उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन,

ग) शिक्षक तालिम सञ्चालन र व्यवस्थापन,

घ) नमुना कक्षा व्यवस्थापन, अतिरिक्त क्रियाकलाप सञ्चालन,

ङ) अनुगमन र विद्यालयको विद्यार्थी भर्ना, परीक्षा तथा अन्य विद्यालय सम्बन्धी तथ्याङ्क संकलन।

५) काजमा जाने शिक्षकले तह र श्रेणी अनुसारको प्रचलित कानुन र नियमावली बमोजिम तोकिएको दैनिक भत्ता र भ्रमण भत्ता समेत पाउनेछ।

६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिम काजमा जाने शिक्षकले तह र श्रेणी अनुसारको प्रचलित कानुन र नियमावली बमोजिम सम्बन्धित कार्य वा कार्यक्रम शीर्षक वा शिक्षा कार्यक्रमबाट दैनिक भत्ता र भ्रमण भत्ता पाउनेछ।

७) शिक्षकलाई अन्य काममा लगाउन नहुनेः

क) सामुदायिक विद्यालयको शिक्षकलाई शैक्षिक कार्यक्रम, शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाईने छैन।

ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा सङ्घीय सरकार, प्रादेशिक सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

**१९. <u>शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था</u>**

१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन वडा शिक्षा समिति मार्फत शिक्षा समितिमा सिफारिस गर्नेछ–

क) तोकिए बमोजिमको पदीय दायित्व पूरा नगरेमा,

ख) बिना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजायँ पाएमा,

ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेको वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेको प्रमाणित भएमा,

च) शिक्षक र कर्मचारी कुनैपनि सङ्घ संस्था वा राजनीतिक दलको कुनै पनि तहको कार्य समितिको सदस्य रहेको पाइएमा,

छ) निजले अध्यापन गरेको विषयमा तीन वर्षभित्रको औसत शैक्षिक उपलब्धि प्रतिशत राष्ट्रिय र प्रदेशको औसत स्तरभन्दा कम भएमा।

महाभारत गाउँपालिका राजपत्र

२) उपदफा (१) को खण्ड (क) देखि (छ) सम्म उल्लेख गरिएका कुनैपनि अवस्था रहेको व्यहोरा शिक्षा समिति वा शिक्षा प्रमुखले विद्यालयको स्थलगत अनुगमन वा सुपरिवेक्षण गर्दा यथेष्ट प्रमाण सहित फेला पारेमा शिक्षा प्रमुखले तोकिए बमोजिमको प्रक्रियाका आधारमा शिक्षकलाई पदबाट हटाउने वा पदबाट हटाउन सम्बन्धित निकाय वा समिति वा अधिकारीलाई सिफारिस गर्न सक्नेछ।

३) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा शिक्षा समितिले निजलाई पदबाट हटाउन सक्नेछ।

तर कार्यरत शिक्षक पदबाट हटाउनु अघि निजलाई मनासिब माफिकको स्पष्टीकरणको मौका दिइने छ।

४) दफा १८ को उपदफा (१), उपदफा (७) खण्ड (ख), दफा १५ र दफा १७ बमोजिम तोकिएको विद्यालयमा तोकिएको समयभित्र उपस्थित वा हाजिरी नहुने वा तोकिएको विद्यालयमा जान

ढिलाइ गर्ने शिक्षक तथा विद्यालय कर्मचारीलाई सरुवा गर्ने र काजमा खटाउने समिति वा अधिकारीले देहायको सजायँ गर्न सक्नेछ–

क) स्थायी शिक्षक तथा विद्यालय कर्मचारीको हकमा,

अ. हाजिरीमा गयल गर्ने,

आ. पाँच वर्षसम्म तलब र ग्रेड वृद्धि रोक्का गर्ने,

इ. तलब भत्ता रोक्का गर्ने,

ई. नसिहत दिने।

ख) अस्थायी, राहत, करार शिक्षक तथा विद्यालय कर्मचारीको हकमा,

अ. करार अवधि थप नगर्ने वा नगर्न सिफारिस गर्ने,

आ. हाजिरीमा गयल गर्ने,

इ. नसिहत दिने,

ई. तलब भत्ता रोक्का गर्ने।

२०. **<u>अदालतको आदेशबाट पुन: बहाली हुन सक्ने</u>**

१) दफा १९ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजायँ भई नोकरीबाट हटाइएको वा

महाभारत गाउँपालिका राजपत्र

बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम सेवामा पुनः बहाली हुन सक्नेछ।

२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले सेवाबाट हटे देखि पुनर्बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ।

३) उपदफा (१) र (२) संस्थागत विद्यालयको हकमा लागु हुने छैन्।

२१. **<u>तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः</u>**

दफा २० मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले सो अवधिको तलब भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन्।

२२. **<u>स्थायी आवासीय अनुमति लिन नहुने</u>**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले कुनैपनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुदैन।

गढीमाई नगरपालिका राजपत्र

**२३. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण**

१) विद्यालयमा विद्यार्थी सङ्ख्या अनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउन्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाइमैत्री वातावरण हुनु पर्नेछ।

२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ।

३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ।

४) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन गर्न गाउँपालिकामा देहाय बमेजिमको अनुगमन समिति रहनेछ–

क) गाउँपालिका उपाध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत

ग) सामाजिक विकास समितिको संयोजक

घ) गाउँपालिकाको प्राविधिक शाखा प्रमुख वा निजले तोकेको प्राविधिक शाखाको प्राविधिक कर्मचारी सदस्य

ङ) सम्वन्धित वडाका वडा अध्यक्ष

च) शिक्षा शाखा प्रमुख

५) उपदफा (४) बमोजिमको अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**२४. <u>विद्यालय सार्न, गाभ्न वा बन्द गर्न र नाम परिवर्तन गर्न सकिने–</u>**

१) तोकिएको शैक्षिक र भौतिक मापदण्ड वा नक्साङ्कनको मापदण्ड पूरा नगरेको अवस्थामा शिक्षा समितिको सिफारिस बमोजिम गाउँ कार्यपालिका वा शिक्षा समिति आफैले तोकिए बमोजिम विद्यालय सार्न, गाभ्न वा बन्द गर्न सक्नेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लगातार तीन शैक्षिक सत्रसम्म देहायको विद्यार्थी सङ्ख्या कायम नरहेको अवस्थामा

महाभारत गाउँपालिका राजपत्र

विद्यालय स्वतः नजिकको अर्को विद्यालयमा गाभिने वा बन्द हुनेछ–

क) प्राथमिक तहको हकमा २७ जना,

ख) आधारभूत तहको हकमा ८५ जना, र

ग) माध्यमिक तहको हकमा १५५ जना ।

तर यसरी विद्यालय गाभिदा वा बन्द गर्दा क्रमशः कक्षा घट गरी गर्न सकिने छ।

३) उपदफा (२) बमोजिम विद्यालय गाभिँदा वा बन्द हुँदा गाउँपालिकाले सो क्षेत्रमा तोकिए बमोजिमको घुम्ति विद्यालय सञ्चालन गर्न सक्ने वा सो क्षेत्रका वा गाभिएको वा बन्द भएको विद्यालयका बालबालिकालाई गाउँपालिका भित्रको आवासीय विद्यालयमा व्यवस्थापन गर्न सक्नेछ।

४) सम्बन्धित विद्यालय व्यवस्थापन समितिले विद्यालय सञ्चालन गर्न नसक्ने, नजिकको अर्को विद्यालयमा गाभिने वा कुनै कक्षा मात्र गाभ्ने वा कक्षा घट गर्ने भनी मनासिब कारण सहितको निवेदनका साथै सम्बन्धित वडा शिक्षा

समितिको सिफारिस गाउँपालिकामा पेस गरेमा शिक्षा समितिको सिफारिस बमोजिम गाउँ कार्यपालिका वा शिक्षा समितिले विद्यालय गाभ्न वा बन्द गर्न सक्नेछ।

**स्पष्टीकरणः** यस उपदफामा विद्यालय गाभ्ने वा कक्षा गाभ्ने प्रयोजनार्थ निवेदन भन्नाले दुई वा दुई भन्दा बढी विद्यालयका व्यवस्थापन समितिले एउटै विद्यालयको रुपमा सञ्चालन गर्ने भनी दिएको संयुक्त निवेदन बुझिन्छ।

५) शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले वा शिक्षा समितिले तोकिएको ठाउँमा तोकिए बमोजिम सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न सक्नेछ।

६) शिक्षा प्रमुखले शिक्षा समितिको राय लिई विद्यालयको नाम तोकिए बमोजिम परिवर्तन गर्न अनुमति दिन सक्नेछ।

७) उपदफा (१), (२) र (४) बमोजिम गाभिएको वा बन्द भएको विद्यालयको नाममा रहेको सम्पत्तिको व्यवस्थापन गाउँपालिकाले गर्नेछ। साथै उपदफा (५) बमोजिम एक स्थानबाट अर्को

महाभारत गाउँपालिका राजपत्र

स्थानमा सम्पत्तिको व्यवस्थापन गाउँपालिकाले तोकिए बमोजिम हुनेछ।

२५. **विद्यालयको सम्पत्ति**

१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम गाउँ शिक्षा कोषमा जम्मा गर्नेछ।

२) शैक्षिक गुठीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

३) कम्पनीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

महाभारत गाउँपालिका राजपत्र

४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा सङ्घ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ तर विदेशी व्यक्ति वा सङ्घ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि सङ्घीय सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

५) विद्यालयले चल अचल सम्पत्ति बेचबिखन गर्दा गाउँपालिककाको अनुमति लिनु पर्नेछ।

६) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सोही विद्यालयकै नाममा रहनेछ ।

७) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिकाको हुनेछ।

**२६. परीक्षा सञ्चालन, समन्वय तथा गुणस्तर मापन**

१) गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ–

क) शिक्षा समितिको संयोजक अध्यक्ष

महाभारत गाउँपालिका राजपत्र

ख) प्रमुख प्रशासकीय अधिकृत
सदस्य

ग) ईलाका प्रशासन कार्यालय प्रमुख
सदस्य

घ) ईलाका प्रहरी कार्यालय प्रमुख
सदस्य

ङ) शिक्षा प्रमुख
सदस्य सचिव

२) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

३) गाउँपालिकाको क्षेत्राधिकार बाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्वन्धित निकायबाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ।

४) आधारभूत तहका कक्षा ८ को अन्तिम तथा बाह्य परीक्षालाई गाउँपालिका क्षेत्रभित्र मर्यादित र व्यवस्थित तरिकाले एकरुपताका साथ सञ्चालन गर्न देहायको आधारभूत तह शिक्षा

महाभारत गाउँपालिका राजपत्र

उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ–

क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत/शिक्षा प्रमुख — अध्यक्ष

ख) सामुदायिक विद्यालय आधारभूत तहका स्थायी शिक्षकमध्येबाट शिक्षा समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना — सदस्य

ग) संस्थागत विद्यालयका प्रधानाध्यापक वा संस्थापकमध्येबाट शिक्षा समितिले मनोनीत एकजना — सदस्य

घ) शिक्षा प्रमुख वा निजले तोकेको शिक्षा शाखाको प्रतिनिधि — सदस्य सचिव

५) परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञ र शिक्षा शाखाका अधिकृत तथा प्राविधिक सहायकलाई परीक्षा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

६) पदेन सदस्य बाहेक मनोनीत सदस्यहरूको कार्यकाल तीन वर्षको हुनेछ। मनोनीत सदस्यले

महाभारत गाउँपालिका राजपत्र

आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले जुनसुकै बखत हटाउन वा बर्खास्त गर्न सक्नेछ।

तर त्यसरी पदबाट हटाउन वा बर्खास्त गर्नु अघि मनासिब माफिपको स्पष्टीकरणको मौकाबाट वञ्चित गरिने छैन।

७) उपदफा (१) र (४) बमोजिमको समितिको बैठक भत्ता गाउँ कार्यपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ।

८) आधारभूत तहको परीक्षा सञ्चालन तोकिए बामोजिम हुनेछ।

९) उपदफा (१) र (४) बमोजिमको समितिले गाउँपालिकाले शैक्षिक गुणस्तर मापन र एकरुपताका मापदण्डमा आधारित कक्षा ५ र ८ का अतिरिक्त तोकिए बमोजिमका अन्य कक्षाको परीक्षा सञ्चालन, व्यवस्थापन र समन्वय गर्न सक्नेछ।

**२७. <u>गाउँ शिक्षा विकास कोष</u>**

१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक



महाभारत गाउँपालिका राजपत्र

गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँपालिकास्तरमा गाउँ शिक्षा विकास कोष रहनेछ।

२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन:

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

ग) गाउँपालिकाबाट प्राप्त अनुदान,

घ) संस्थागत विद्यालयबाट वार्षिक कुल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

ङ) शैक्षिक परामर्श केन्द्र वा अन्य शैक्षिक संस्था नवीकरण दस्तुरबाट प्राप्त रकम,

च) चन्दा वा दान दातव्य र पुरस्कारबाट प्राप्त रकम,

छ) अन्य स्रोतबाट प्राप्त रकम।

३) उपदफा (१) बमोजिमको कोष सञ्चालन गाउँपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा प्रमुख र आर्थिक प्रशासन शाखाको प्रतिनिधि रहेको समितिबाट हुनेछ।

महाभारत गाउँपालिका राजपत्र

४) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

५) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः

क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

ख) गाउँ शिक्षा विकास कोषबाट प्राप्त अनुदान,

ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

ङ) अन्य स्रोतबाट प्राप्त रकम।

६) उपदफा (५) बमोजिमको कोषको सञ्चालन र लेखा परीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ।

७) अनुदानको व्यवस्था

क) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा

महाभारत गाउँपालिका राजपत्र

गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँदै आएको अनुदान रकम कटौती गर्न सकिनेछ।

ख) सामुदायिक विद्यालयहरूलाई तोकिए बमोजिम थप अनुदान उपलब्ध गराउन सकिनेछ।

८) लेखा व्यवस्थापन

क) सबै विद्यालयहरूले प्रचलित कानुन अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ।

ख) विद्यालयको नियमित कारोबारको लेखा राख्न माध्यमिक विद्यालयका लागि प्रधानाध्यापक र लेखा कर्मचारी तथा आधारभूत विद्यालयका लागि प्रधानाध्यापक र लेखा हेर्ने शिक्षकका साथै प्राथमिक विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन

महाभारत गाउँपालिका राजपत्र

समिति अध्यक्षबाट खाता सञ्चालन गरी लेखा व्यवस्थापन गर्नु पर्नेछ।

ग) विद्यालयको नयाँ खाता सञ्चालन र प्रयोग गर्न तथा सह हस्ताक्षरकर्ता परिवर्तन गर्दा शिक्षा शाखाको सिफारिसमा गर्नु पर्नेछ।

## ९) <u>लेखा परीक्षण तथा सामाजिक परीक्षण</u>

क) सबै विद्यालयहरूले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिकभित्र गाउँपालिकामा सूचीकृत भएको र विद्यालयको लेखा परीक्षण गर्न गाउँपालिकाबाट नियुक्ति लिएको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

ख) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँपालिकामा पेस गर्नु पर्नेछ।

ग) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय,

महाभारत गाउँपालिका राजपत्र

शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षणमार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ।

घ) विद्यालयको लेखा व्यवस्थापन, परीक्षण र सामाजिक लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. **<u>शुल्क तथा सहयोग</u>**

१) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले विद्यालयको विकासका लागि आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ।

३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म

महाभारत गाउँपालिका राजपत्र

निःशुल्क शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले तोकिए बमोजिमको व्यवस्था गर्नेछ।

४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही तहको अर्को कक्षामा कुनै किसिमको शुल्क लिन पाइने छैन।

६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले



महाभारत गाउँपालिका राजपत्र

विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ।

८) कुनै विद्यालयले यस ऐनको बर्खिलाप विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ।

९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले जरिवाना गर्न सक्नेछ।

२९. <u>**विद्यालयलाई छुट र सुविधा**</u>

१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्ने छैन।

२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा गाउँपालिकाले तोकिएको आधारमा रजिष्ट्रेसन दस्तुर छुट दिन सक्नेछ।

३) सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

**३०. विविध**

१) विद्यालयको विनियम

क) यो ऐन र प्रचलित कानुनको अधीनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावकबाट पारित गराई लागु गर्नु पर्नेछ।

ख) अभिभावकले विनियम आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ।

ग) विनियम अनुसार विद्यालय सञ्चालन गर्नु विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ।

घ) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट सात दिन भित्र

विद्यालय व्यवस्थापन समितिले गाउँपालिकामा पेस गर्नु पर्नेछ।

ङ) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जोकोहीले पनि हेर्न पाउने गरी व्यवस्थित हुनु पर्नेछ।

२) **गाउँपालिकाले निर्देशन दिन सक्ने**

क) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

ख) खण्ड (क) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

ग) विद्यालय व्यवस्थापन समितिले आफ्नो काम, कर्तव्य र अधिकारको परिधि बाहिरको निर्णय गरेमा सो निर्णय स्वतः अमान्य हुनेछ।

घ) खण्ड (ग) बमोजिमको निर्णय गर्ने विद्यालय व्यवस्थापन समितिलाई गाउँपालिकाले पहिलो पटकको लागि

महाभारत गाउँपालिका राजपत्र

सचेत गराउनेछ तर सो कार्य दोहोरिएमा तोकिए बमोजिमको कारबाही गरिनेछ।

**३) गाउँ शिक्षकको व्यवस्थाः**

क) दफा १७ बमोजिम दरबन्दी मिलान गर्दा वा विद्यालयमा तोकिए बमोजिमको शिक्षक विद्यार्थी अनुपात कायम गर्दा गाउँ शिक्षकको परिचालन र व्यवस्थापन गरिनेछ।

ख) गाउँ शिक्षक करार सेवामा दफा १४ उपदफा (२) बमोजिमको समितिले तोकिएको प्रक्रियाका आधारमा नियुक्त गर्नेछ।

ग) गाउँ शिक्षकको योग्यता, सेवा, सर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

४) स्वीकृत दरबन्दी कोटामा कार्यरत साविक उच्च माध्यमिक कोटा, विद्यालयका करार, राहत बाल विकास शिक्षक एवं विद्यालय कर्मचारी कुनै कारणबस विस्थापित वा सेवामा रहँदै निजको मृत्यु भएमा, वा अन्य कुनै कारणवस सेवाबाट अवकास भएमा सङ्घीय  शिक्षा ऐन बमोजिम

महाभारत गाउँपालिका राजपत्र

प्रदत्त सञ्चित बिदा बराबरको रकम गाउँपालिकाले तोकेको कोषबाट दोहोरो नपर्ने गरी निज वा निजको परिवारको सदस्य वा निजको निकटको व्यक्तिले पाउनेछ।

५) गाउँपालिकाले तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

महाभारत गाउँपालिका राजपत्र

६) **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः**

क) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ।

ख) उपदफा (क) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

७) बालबालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने

क) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइने छैन।

ख) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

८) सामुदायिक विद्यालयमा शिक्षक अभिभावकबीच सहकार्य तथा सामाजिक लेखापरीक्षण गरी व्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक शिक्षक अभिभावक सङ्घ रहनेछः

क) विद्यालयका अभिभावकहरूमध्येबाट छनोट गरेका व्यक्ति अध्यक्ष

ख) अभिभावकले आफूमध्येबाट छानी पठाएका कम्तीमा एकजना महिला सहित तीनजना सदस्य

महाभारत गाउँपालिका राजपत्र

ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरूमध्येबाट वडा समितिले मनोनीत गरेको एकजना सदस्य

घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी र विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरूमध्येबाट समितिले मनोनीत गरेका एकजना महिला सहित तीनजना सदस्य

ङ) विद्यालयका शिक्षकहरूले आफूमध्येबाट छानी पठाएका तहगत शिक्षक प्रतिनिधि दुईजना सदस्य

च) प्रधानाध्यापक सदस्य

छ) कार्यरत शिक्षकहरूमध्येबाट एकजना सदस्य सचिव

महाभारत गाउँपालिका राजपत्र

९) उपदफा (७) बमोजिमको शिक्षक अभिभावक सङ्घको बैठकमा विद्यालयले छानेको उच्चतम कक्षाको छात्र वा छात्रा मध्येबाट एकजनालाई आमन्त्रित गर्नु पर्नेछ।

१०) शिक्षक अभिभावक सङ्घको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–

क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालयलाई सहयोग गर्ने,

ख) विद्यालयलाई सामाजिक लेखापरिक्षण गर्न सहयोग गर्ने,

ग) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सहयोग गर्ने,

घ) विद्यालय भर्ना अभियान सञ्चालन गर्न विद्यालयलाई सहयोग गर्ने,

ङ) तोकिए बमोजिमका अन्य काम गर्ने।

११) **शैक्षिक परामर्श केन्द्र तथा कोचिङ कक्षा सञ्चालन अनुमति सम्बन्धी व्यवस्थाः**

क) शैक्षिक परामर्श केन्द्र तथा कोचिङ कक्षा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले प्रचलित कानुन बमोजिम सम्बन्धित

महाभारत गाउँपालिका राजपत्र

वडाको सिफारिसमा फर्म वा कम्पनी दर्ता गरी शिक्षा शाखा प्रमुख समक्ष निवेदन दिनु पर्नेछ।

ख) खण्ड (क) बमोजिम पर्न आएको निवेदन माथि जाँचबुझ गर्दा उपयुक्त देखिएमा शिक्षा शाखा प्रमुखले अनुमति दिन सक्नेछ।

ग) शैक्षिक परामर्श केन्द्र तथा कोचिङ कक्षा सञ्चालन गर्न अनुमति प्राप्त गरेका शैक्षिक संस्थाहरूले प्रत्येक आर्थिक वर्षमा शिक्षा शाखाबाट अनुमति नवीकरण गराउनु पर्नेछ।

**३१. दण्ड सजायँ**

१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ।

२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई

महाभारत गाउँपालिका राजपत्र

कसुरको मात्रा हेरी कानुनले तोकेबमोजिम सजायँ हुनेछ–

क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रसँग सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्ने प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

ज) अनुमति नलिई मन्टेश्वरी कक्षा, कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्शसेवा, ब्रिज कोर्स, ट्युसन, कोचिङ्ग सेन्टर,

महाभारत गाउँपालिका राजपत्र

कम्प्युटर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

झ) कानुन विपरीतको अन्य कार्य गरेमा।

३) कानुन बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ र सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजायँ गरिनेछ।

**३२. <u>पुनरावेदन</u>** : तोकिएको अधिकारीले गरेको सजायँको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ।

**३३. <u>नियम, निर्देशिका र कार्यविधि बनाउन सक्नेः</u>**

१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

२) शैक्षिक सुधारका निम्ति देहाय बमोजिमका विषयमा कार्यविधि र निर्देशिका बनाई लागु गर्न सकिनेछ–

क) शिक्षक प्रोत्साहन,

ख) अनाथ एवम् सडक बालबालिका शैक्षिक सहयोग,

ग) विपन्न समुदायका बालबालिकाका लागि शैक्षिक सहयोग एवम् दिवा खाजा,

घ) एकमुष्ठ अनुदानमा आधारित विद्यालय सञ्चालन,

ङ) नमुना विद्यालय छनोट र विकास,

च) गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाका लागि शैक्षिक प्रोत्साहन,

छ) शिक्षक दरबन्दी व्यवस्थापन एवम् मिलान,

ज) विद्यार्थीका लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन,

झ) शैक्षिक क्यालेन्डर तथा शैक्षिक पुस्तिका प्रकाशन,

ञ) भौचर प्रणालीमा आधारित शिक्षा,

ट) गाउँ शिक्षा परिषद् गठन,

ठ) गुणस्तरीय शिक्षाका लागि अनुदान,

ड) अनिवार्य शिक्षा कार्यान्वयन,

महाभारत गाउँपालिका राजपत्र

ढ) एक माध्यमिक विद्यालय एक सङ्कायलाई प्रोत्साहन,

ण) विद्यार्थी सङ्ख्या अभिवृद्धि कार्यक्रम,

त) अन्तरविद्यालय सहयोग कार्यक्रम,

थ) विशेष शिक्षा नमुना कार्यक्रम,

द) छात्रवृत्ति कार्यान्वयन।

**३४. संक्रमणकालीन व्यवस्था**

१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँकार्यपालिकाले गर्न सक्नेछ।

२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँपालिकाले दिन सक्नेछ।

**३५. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ तर यस्तो आदेश गाउँ सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत: निष्कृय हुनेछ।

**३६. बचाउ र लागु नहुनेः**

१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना मिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन।

३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ।

४) यसअघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीलाई नेपाल सरकारले दिँदै आएको सुविधामा कुनै किसिमको कटौति गरिने छैन तर यस व्यवस्थाले कानुन बमोजिम दण्ड, सजायँ र कारबाही गर्न बाधा पर्ने छैन।

५) यस ऐनमा उल्लेख भएका कुराहरू सङ्घीय र प्रादेशिक शिक्षा ऐनसँग बाझिएमा स्वत: खारेज हुनेछन्।

महाभारत गाउँपालिका राजपत्र

६) महाभारत गाउँपालिकाको विद्यालय सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि २०७४ खारेज गरिएको छ।

७) यो ऐन प्रारम्भ हुँदा मौजुदा शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक छनौट समिति, परीक्षा सञ्चालन र समन्वय समिति, आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अनुगमन समिति यो ऐनको प्रारम्भसँगै खारेज गरिएका छन्।

८) यो ऐन प्रारम्भ हुनुपूर्व देखि प्रारम्भ हुँदासम्म विचाराधीन शिक्षक, विद्यालय कर्मचारी, विद्यालय वा विद्यालय शिक्षा, शैक्षिक गतिविधि सम्बद्ध र यस ऐनसँग सरोकारको विवादित विषयमा यो ऐन प्रारम्भ भएपछि यस ऐन बमोजिम कारबाही गरिनेछ।

आज्ञाले

हरि सिंह विष्ट

प्रमुख प्रशासकीय अधिकृत